# जनस्वास्थ्य बुलेटिन

## सामाजिक विकास मन्त्रालय

## सुदूरपश्चिम प्रदेश

*[ अंक १] | [ भाद्र, आ.व.२०८३/०८४]*

## सामाजिक विकास मन्त्रालय अन्तर्गत स्वास्थ्यका मुख्य गतिविधिहरु

**सामाजिक विकास मन्त्रालयमा नवनियुक्त** माननीय मन्त्री श्री सन्तोष शर्मा (थापा) ज्यूको स्वागत तथा पदभार ग्रहण कार्यक्रम सम्पन्न भएको छ।

**महत्वपूर्ण नीतिगत तथा रणनीतिक दस्तावेज:** आर्थिक वर्ष २०८२/८३ मा स्वास्थ्य क्षेत्रका महत्वपूर्ण तीन वटा देहाय बमोजिमका दस्तावेजहरु मन्त्री स्तरीय निर्णयबाट स्वीकृत भएका छन्।

१) प्रादेशिक सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य रणनीतिक योजना (२०८२/८३-२०८७/८८)

२) प्रादेशिक मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना (२०८२/८३–२०८६/८७)

३) प्रादेशिक सुरक्षित गर्भपतन निर्देशिका, २०८२


**आर्थिक रूपमा विपन्न नागरिकलाई उपचार सहायता:** आर्थिक वर्ष २०८२/८३ मा आर्थिक रूपमा विपन्न नागरिकको औषधि उपचार सहायता कार्यक्रम अन्तर्गत विभिन्न दीर्घ तथा कडा रोगबाट प्रभावित ५९२ जना नागरिकलाई उपचारका लागि आर्थिक सहायता उपलब्ध गराइएको छ।

**निःशुल्क रक्तसञ्चार सेवा:** प्रदेश भित्रका सरकारी अस्पतालहरूमा नेपाल रेडक्रस सोसाइटी रक्तसञ्चार सेवा केन्द्र, धनगढी, कैलालीसँगको सहकार्यमा सञ्चालित निःशुल्क रक्तसञ्चार सेवा कार्यक्रम अन्तर्गत बिरामीहरूलाई १२,६१० पिन्ट रगत निःशुल्क उपलब्ध गराइएको छ।















## स्वास्थ्य क्षेत्रका मुख्य सूचकहरुको अवस्था र दिगो विकास लक्ष्य

| सूचक आर्थिक वर्ष २०८२/८३ | अछाम | बाजुरा | बझांग | दार्चुला | बैतडी | डोटी | डडेल्धुरा | कैलाली | कंचनपुर | प्रादेशिक अवस्था | दिगो विकास लक्ष्य सन् २०३० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संस्थागत प्रसूति दर (%) | ४६ | ६८ | ५७ | ६५ | ५० | ४८ | ६९ | १३१ | ६५ | ७६ | ९० प्रतिशत |
| पूर्ण खोप कभरेज (%) | ५२ | ७० | ६० | ७२ | ६४ | ५७ | ६४ | १०० | ९३ | ७६ | ९० प्रतिशत |
| मातृ मृत्यु सूचित घटना (संख्या) | २ | - | - | - | - | - | ३ | ८ | २ | १५ | ७० प्रति लाख जीवित जन्म |
| नवजात मृत्यु सूचित घटना (संख्या) | १८ | २२ | १४ | १३ | २४ | १६ | २४ | ७१ | ७ | २०९ | १२ प्रति हजार जीवित जन्म |

*स्रोत: DHIS2*

इमेल: mosd.health@sudurpashchim.gov.np
mosd.sd@sudurpashchim.gov.np
Facebook: सामाजिक विकास मन्त्रालय
फोन न.: ०९१-५२४५६३, ०९१-५२६५०४,०९१-५२५००९
Website: https://mosd.sudurpashchim.gov.np
ठेगाना: सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

# जनस्वास्थ्य बुलेटिन


## सामाजिक विकास मन्त्रालय


## सुदूरपश्चिम प्रदेश

[ अंक १] | [ भाद्र, आ.व.२०८३/०८४]

## स्वास्थ्यको प्रदेश स्तरीय विभिन्न निकायहरुका मुख्य गतिविधिहरु


**स्वास्थ्यकर्मीको क्षमता तथा सीप अभिवृद्धि:** प्रदेश स्वास्थ्य तालिम केन्द्रद्वारा आर्थिक वर्ष २०८२/८३ मा विभिन्न तहका १,०८९ जना स्वास्थ्यकर्मीको क्षमता तथा सीप अभिवृद्धिका लागि विभिन्न तालिम सञ्चालन गरिएको छ। साथै, स्वास्थ्यकर्मीको तालिम आवश्यकता पहिचान तथा तालिमको प्रभावकारिता अध्ययन समेत सम्पन्न गरिएको छ। **बालबालिकाको पोषण अवस्था मूल्याङ्कन:** स्वास्थ्य निर्देशनालयद्वारा प्रदेशमा पहिलो पटक बालबालिकाको पोषण अवस्थाको मूल्याङ्कन गर्न Smart Nutrition Assessment Survey सम्पन्न भएको छ। **अत्यावश्यक औषधिको आपूर्ति तथा वितरण:** प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रद्वारा अत्यावश्यक औषधि, औजार र उपकरणहरुको खरिद तथा वितरण भएको छ।




Source: SMART+ Survey, 2025, Sudurpashchim

- बझाङमा ११ वटै स्थानीय तहमा खानेपानी गुणस्तर निगरानी गरी ४२१ नमुना परीक्षण गर्दा २३३ (५५.३%) नमुनामा E. coli/Fecal Coliform दूषण र कुनै पनि नमुनामा FRC (Free Residual Chlorine) नदेखिएको पाइयो। नियमित क्लोरिनेसनको अभाव तथा जीवाणुजन्य दूषण प्रमुख समस्या देखिएको छ।
- प्रदेशका ९ वटै जिल्लामा पूर्ण खोप सुनिश्चितता गरिएको छ। प्रत्येक जिल्लामा एक नमुना स्वास्थ्य संस्था छनौट गरी आवश्यक सहयोग प्रदान गरिएको छ।
- कञ्चनपुरका ५ स्थानीय तहमा निःशुल्क चिकित्सकीय प्रजनन स्वास्थ्य शिविर सञ्चालन गरी ८२३ जना सेवाग्राहीलाई परामर्श तथा आवश्यक प्रजनन स्वास्थ्य सेवा प्रदान गरिएको छ।
- स्वास्थ्य निर्देशनालय, डोटीद्वारा प्रदेशका ३१ स्वास्थ्य संस्थामा तथ्याङ्क गुणस्तर सुधारका लागि Data Audit तथा Data Verification कार्यक्रम सम्पन्न गरिएको छ।
- कैलाली र कंचनपुर जिल्लामा स्वास्थ्य कार्यालय मार्फत सिकलसेल र थालेसिमियाको स्क्रिनिंग सिविरहरु संचालन गरिएको छ ।







इमेल: mosd.health@sudurpashchim.gov.np
mosd.sd@sudurpashchim.gov.np
Facebook: सामाजिक विकास मन्त्रालय
फोन न.: ०९१-५२४५६३, ०९१-५२६५०४,०९१-५२५००९
Website: https://mosd.sudurpashchim.gov.np
ठेगाना: सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली


# जनस्वास्थ्य बुलेटिन

## सामाजिक विकास मन्त्रालय

## सुदूरपश्चिम प्रदेश

[ अंक १] | [ भाद्र, आ.व.२०८३/०८४]

## जनस्वास्थ्यका सूचनाहरुः

| | | | | |
|---|---|---|---|---|
| प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई जनस्वास्थ्य/नर्सिङ/ स्वास्थ्य शिक्षा अधिकृत पदमा न्युक्ति हुनु भएकोमा सम्पूर्णमा बधाई तथा सफल कार्यकालको शुभकामना!! |  |  |  |  |
| | गंगा राना<br>क.न.अ<br>स्वा.ता.केन्द्र | सबिना के.सी<br>क.न.अ<br>सा.वि.मन्त्रालय | गणेश भण्डारी<br>स्वा.शि.अ<br>स्वा.ता.केन्द्र | शिजन आचार्य<br>स्वा.शि.अ<br>सा.वि.मन्त्रालय |
|  |  |  |  |  |
| बिनोद धामी<br>ज.स्वा.अ<br>स्वा.का.बाजुरा | लोकेन्द्र कार्की<br>ज.स्वा.अ.<br>स्वा.का.डोटी | भोजराज कलौनी<br>ज.स्वा.अ/ इन्टोमोलोजिस्ट<br>स्वा. निर्देशनालय | सिमा थापा<br>ज.स्वा.अ<br>स्वा.का.अछाम | सुदिप ओखेडा<br>ज.स्वा.अ<br>स्वा.का.बैतडी |

| सुदुरपश्चिम प्रदेश लोकसेवा आयोगबाट पदपुर्ति गरिएका स्वास्थ्यका पदहरु | |
|---|---|
| एघारौं तह | |
| प्रमुख स्वास्थ्य प्रशासक-१ | |
| **नवौं तह** | **आठौं तह** |
| मेडिकल सुपरिटेन्डेन्ट-३ | मेडिकल अधिकृत-२२ |
| जनस्वास्थ्य प्रशासक-६ | आयुर्वेद चिकित्सक-६ |
| नर्सिङ्ग प्रशासक-३ | डेन्टल सर्जन-२ |
| स्वास्थ्य शिक्षा प्रशासक-१ | **सातौं तह** |
| कन्सल्टेन्ट ईएनटी-१ | जनस्वास्थ्य अधिकृत/इन्टोमोलोजिस्ट-५ |
| बालरोग विशेषज्ञ-३ | स्वास्थ्य शिक्षा अधिकृत – ३ |
| कन्सल्टेन्ट सर्जन-२ | नर्सिङ्ग अधिकृत-३ |
| कन्सल्टेन्ट फिजिसियन-१ | कम्युनिटी नर्सिङ्ग अधिकृत-३ |
| कन्सल्टेन्ट एनेस्थेसियोलोजिस्ट-२ | बायोमेडिकल इन्जिनियर-१ |
| कन्सल्टेन्ट प्याथोलोजिस्ट-१ | मेडिकल ल्याब टेक्नोलोजिस्ट-३ |
| कन्सल्टेन्ट गाइनोकोलोजिस्ट -१ | फिजिओथेरापिस्ट-१ |
| आयुर्वेद विज्ञ -१ | फार्मेसी अधिकृत - २ |

